आज मिति २०७८ साल श्रावण २१ गते बिहिवारका दिन यस धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनज्यूको अध्यक्षता बसेको गाउँ कार्यपालिकाको बैठकले तपसिल बमोजिमको उपस्थिति मा देहायबमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री थमसरा पुन | अध्यक्ष | |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष | |
| श्री झक बहादुर छन्त्याल | वडा नं. १ वडाध्यक्ष | |
| श्री राम प्रसाद वि.क. | ,, ,, २ | ,, |
| श्री पूर्ण पुन | ,, ,, ३ | ,, |
| श्री मेघ बहादुर घर्ती | ,, ,, ४ | ,, |
| श्री सर्व कुमारी छन्त्याल | ,, ,, ५ | ,, |
| श्री राजाराम उपाध्याय | ,, ,, ६ | ,, |
| श्री कलानिधी शर्मा | ,, ,, ७ | ,, |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| श्री तील कुमारी के.सी. | ,, | ,, |
| श्री देउ प्रसाद छन्त्याल | ,, | ,, |
| श्री बाल कुमारी सुनार | ,, | ,, |
| श्री सुवा देवी पुर्जा | ,, | ,, |
| श्री खिनमाया घर्ती | ,, | ,, |
| श्री गोपाल शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव हरु

१. आ.व. २०७७/०७८ को आय व्यय सम्बन्धमा ।

२. करारमा प्राविधिक कर्मचारी नियुक्ति सम्बन्धमा ।

३. झोलुङ्गे पुल निर्माणलाई क्रमागत बनाउने सम्बन्धमा ।

४. आवधिक योजना स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको आ.व. २०७७/०७८ को आय व्ययको विवरण उपर व्यापक छलफल गरी सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस गाउँपालिकाअन्तर्गतका स्वास्थ्य केन्द्रहरूमा रिक्त स्वास्थ्यकर्मी, मल्किम सामुदायिक स्वास्थ्य केन्द्रका लागि एकजना अहेव (चौथो) र धारापानी स्वास्थ्य चौकीमा एकजना कार्यालय सहयोगी नियुक्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

गाउँपालिकामा कृषि र पशु प्राविधिकहरूको अभावमा सेवा प्रवाहमा कठिनाई उत्पन्न भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरूमा करारमा पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

GNI सँगको सहकार्यमा संचालित एक शैक्षिक सामाग्री वितरणका लागि विगतमा नियुक्त गरिएका कर्मचारी हाल सम्पर्कमा नरहेकोले सो पदमा सोही करारमा पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ उपर छलफल गर्दा आ.व. २०७७/०७८ मा सम्झौता भई धवलागिरी गाउँपालिकाअन्तर्गतका विभिन्न स्थानमा निर्माणाधिन सशर्त कार्यक्रम अन्तर्गतका झोलुङ्गे पुलहरू कोभिड-१९ को संक्रमणसँगै भएको लकडाउन र वर्षायामको बाटो घाटो अवरुद्ध हुँदा तोकिएको अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेकोले निर्माण सम्पन्न हुन नसकेका सम्पूर्ण झोलुङ्गे पुलहरूको निर्माण सम्पन्न हुने अवधि २०७८ साल श्रावण १ गतेदेखि लागू हुने गरी एक वर्षका लागि थप गर्ने गरी क्रमागत बनाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ४. प्रस्ताव नं. ४ उपर व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिकाको प्रथम आवधिक योजनामाथि छलफल गरी सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो ।